नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं.:

च.नं.:

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

मितिः २०८२/१२/१८

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय बुँदे कार्यसूचीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र मन्त्रालयको कार्य सम्पादनलाई नतिजामुखी, पारदर्शी एवं जवाफदेही बनाउन नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०८२/१२/१६ र २०८२/१२/१८ को निर्णयानुसार देहाय बमोजिमका सुशासन एकाई तथा अध्ययन समितिहरू गठन गरिएको व्यहोरा जानकारी गराइन्छ।

१. मन्त्रालय र मातहतका निकायहरूको कार्य सम्पादनको अनुगमन र मूल्याङ्कन गर्न प्रशासन महाशाखाका सहसचिवको संयोजकत्वमा एक सुशासन एकाई गठन गरिएको छ। यस एकाईले कर्मचारीहरूको कार्य विवरण अनुसारको कार्य सम्पादन, समयसीमा भित्र कार्य फछ्र्योट र सरकारी स्रोत-साधनको सदुपयोग भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सचिव समक्ष प्रतिवेदन पेश गर्नेछ।

२. लामो समयदेखि अलपत्र परेका, रुग्ण अवस्थामा रहेका र समयमा सम्पन्न हुन नसकेका आयोजनाहरूको पुनरावलोकन गर्न सहसचिव डा. महेश्वर श्रेष्ठको संयोजकत्वमा ८ सदस्यीय अध्ययन टोली गठन गरिएको छ। यस टोलीलाई ३० दिनभित्र आयोजनाहरूको औचित्य, बजेट व्यवस्था, जग्गा अधिग्रहण र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) लगायतका समस्या समाधानका लागि ठोस सिफारिस सहितको प्रतिवेदन पेश गर्ने कार्यदिश दिइएको छ।

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता

CS CamScanner